नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०७९/८० को बाँकी अवधिमा गर्नुपर्ने सार्वजनिक खर्चको व्यवस्थापन र २०८०/८१ को बजेट कार्यान्वयनको लागि गर्नुपर्ने पूर्व तयारीका सम्बन्धमा अर्थ मन्त्रालयले आज मिति २०८०/०३/०७ मा विषयगत मन्त्रालयका सचिवहरूसँग छलफल गरेको छ। सो अवसरमा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले चालु आर्थिक वर्षमा स्रोतको अवस्था हेरी सिर्जित दायित्त्व भुक्तानीलाई प्राथमिकता दिन सबै मन्त्रालयका सचिवहरूलाई आग्रह गर्नुभयो। अर्थमन्त्री डा. महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन गर्न अहिलेदेखि नै ठोस कार्ययोजना बनाई अगाडि बढ्न सचिवहरूलाई निर्देशन दिनुभयो। उहाँले आर्थिक वर्ष २०८०/८१ को बजेटमा समावेश भएका बजेट प्रणाली सुधारका कार्यक्रमहरूको कार्यान्वयनमा दृढ भई तयारी शुरु गर्न समेत निर्देशन दिनुभयो। सो अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मिन बहादुर श्रेष्ठ र मुख्य सचिव डा. बैकुण्ठ अर्यालले समेत बजेट कार्यान्वयनको पूर्वतयारीमा जुट्न निर्देशन दिनुभयो। बैठकमा अर्थ मन्त्रालयको तर्फबाट चालु र आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका सम्बन्धमा भएको प्रस्तुति उपर मन्त्रालयका सचिवहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

धनिराम शर्मा
सहसचिव एवम् प्रवक्ता
अर्थ मन्त्रालय
२०८० असार ७ गते


टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.हृ.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np